# फाल्गुनन्द गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि २०७४

फाल्गुन्नद गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

१ नं प्रदेश

नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति-२०७४/०८/१९

## प्रस्तावना

फाल्गुनन्द गाउँपालिकाको सर्वपरि विकासलाई अझ बदी टेवा दिन तथा फाल्गुनन्द गाँउपालिका बासी जनताको पिर मर्का तथा अति आवश्यक समस्याहरु समाधान तथा गाउँपालिको कार्यलाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा(२) अर्न्तगत रही फाल्गुनन्द गाउँकार्यपालिकाबाट यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम फाल्गुनन्द गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि रहनेछ ।

(२)यो कार्य विधि फाल्गुनन्द गाउँपालिकाको बैठकले पारित गरेको मितिबाट लागु हुनेछ ।

**२ .परिभाषा विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

(क)काय विधि भन्नले फाल्गुनन्द गाउँपालिका अध्यक्ष विशेष कोष सञ्चालन कार्यविधि सम्झनु पर्नेछ ।

(ख) गाउँपालिका भन्नले फाल्गुनन्द गाँउपालिका सम्झनु गर्नेछ ।

(ग) गाँउ सभा भन्नले फाल्गुनन्द गाँउपालिकाको गाँउ सभा सम्झनु गर्नेछ ।

(घ) समिति भन्नाले फाल्गुनन्द गाँउपालिका अध्यक्ष विशेष कोष सञ्चालन समिति सम्झनु पर्नेछ।

(ङ.) अध्यक्ष भन्नाले फाल्गुनन्द गाँउपालिकाको निर्वाचित अध्यक्ष सम्झनु पर्नेछ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नले फाल्गुनन्द गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्नेछ।

(छ) फाल्गुनन्द गाँपालिका अध्यक्ष विषेश कोष भन्नाले फाल्गुनन्द गाँउपालिकाको गाँउ सभाले पारित गरेको पुंजीगत खर्च तर्फको बजेट बाट स्थापना भएको कोष सम्झनु पर्नेछ साथै यस कोष अन्तर्ग गाँउपालिकालाई अध्यक्ष वा अन्य निर्वाचित पदाधिकारी माफर्त आउने स्वदेशी तथा विदशी नगद अनुदान समेत समावेश हुनेछ ।

परिच्छेद २

## सञ्चालन कार्य विधि

३.(क)अध्यक्ष विशेष कोष सञ्चालनको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| अध्यक्षबाट मनोनित गाँउपालिकाको सदस्य मध्येबाट १जना | - सदस्य |
| गाँउ कार्यपालिका कार्यालयको प्रशासन शाखा प्रमुख | - सदस्य |
| गाँउ कार्यपालिका कार्यालयको लेखा शाखा प्रमुख | - सदस्य |

३(ख) अध्यक्ष विशेष कोष सञ्चलन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

४. अध्यक्ष विशेष कोष अन्तर्गत खर्च हुने अवस्था को समस्या पहिचान भएमा वा निवेदन परेमा सोको मूल्याकन गर्ने कार्य दफा ३ (क) को समितिले गर्नेछ। उक्त समितिले मितव्ययिता, आवश्यकता, प्रभावकारिता तथा औचित्यताको आधारमा निर्णय गर्नु पर्नेछ।

५. अध्यक्ष विशेष कोषको सञ्चालन नेपाल बैंक लिमिछेड पाँचथरमा चल्ती खाता खोली प्रमुख प्रशासकृिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ।

६.अध्यक्ष विशेष कोषको लेखा राख्ने तथा लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

७.अध्यक्ष विशेष कोषको खर्च गर्ने क्षेत्रहरु तपशिलमा उल्लेख भए बमोजिम हुनेछ

- विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्दार तथा राहात कार्यक्रम
- जनशक्ति व्यवस्थापन तथा बृति विकासमा आवश्यक सहयोग ,
- आर्थिक, सामाजिक, सास्कृतिक, वातावरणीय ,प्राविधिक तथा पूर्वधारजन्य विकासको लागि आवश्यक कार्य गर्नु
- सरकारी भवन, विधालय, सभाहल, सामुदायीक भवन, र अन्य सार्वजनिक भवन तथा संरचना निर्माण, मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन
- नवीन, पर्याटकीय सेवा तथा कामहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यानवयन, व्यवस्थापन,अनुगमन तथा मुल्याकन

- प्राविधिक तथा व्यावसाहिक तरिकाको योजना पहिचान,सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मुल्यांकन
- विधालयको गुणस्तर अभिवृद्धि तथा पाठय सामाग्री खरिद तथा वितरण गर्न
- निशुल्क शिक्षा, जेहेन्दार तथा विपन्न विधार्थी छात्रवृति तथा प्रोत्साहानको व्यवस्थापन गर्न
- स्थानीयस्तरको ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन, तथा स्तरिकरण गर्न
- स्थानीय पुस्तकालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न
- खानेपानी तथा सरसफाई सचेतनाको अभिवृद्धि तथा स्वास्थ्य जन्य फोहोर मैलाको व्यवस्थापन ।
- वातावरयीय तथा जैविक विविधता सम्बन्धी स्थानीय कार्यक्रम सञ्चालन, स्थानीयस्तरको वातावरणीय जोखिम न्यूनीकरण,स्थानीय हरित क्षेत्रको संरक्षण तथा प्रर्वधन गर्न
- स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुगे पूल , सिँचाई आयोजनाहरुको अकसमिक मर्मत संभार तथा व्यवस्थापन
- कृषि तथा पशुपालन, कृषि उत्पादन तथा व्यवस्थापन, तथा पशु स्वास्थ्य सम्बन्धी आवश्यक कार्यक्रम ।
- भाषा, लिपि, साहित्य, रहनसहन, भेषभुषा, कला सँस्कृति संरक्षण तथा प्रवर्द्धन ।
- युवा तथा खेलकुद विकास तथा प्रवर्द्धन ।
- विपन्न नागरिकलाई स्वास्थ्य सेवा सहयोग तथा प्रवर्द्धन ।
- भैपरि आउने अति आवश्यक विकास निर्माण सम्बन्धि कार्यहरु ।
- महिला सशक्तिकरण, सिप विकास तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यहरु ।
- 
- स्वास्थ्य चौकी ,आयुर्वेद औषधालय तथा अन्य स्वास्थ्य सेवा केन्द्रहरुमा अति आवश्यक औषधि, उपकरण खरिद तथा व्यवस्थापन ।

## परिच्छेद-३

## अन्य

८.अध्यक्ष विशेष कोषको खर्च गर्ने क्षेत्रहरु गाँउकार्यपालिकाको बैठकको साधारण बहुमतबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

९.यस अध्यक्ष विशेष कोषमा श्रोत भर्ना हुने रकम बजेट तथा कार्यक्रम तर्जुमा समितिले निर्धारण गरी गाउँ सभाले पारित गरे बमोजिम हुनेछ।

१०. यस फाल्गुनन्द गाउँपालिका अध्यक्ष विशेष कोष गाउँसभाको साधारण बहुमतले खारेज गर्न सक्नेछ।

समाप्त